

**के तपाईको घर पा(नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २७ गते बुधबार ❑ 13 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## नेम्वाङको निधनले कम्युनिष्ट आन्दोलनकै लागि ठूलो पीडा : एमाले

**रासस**
काठमाडौं, २५ भदौं

नेकपा (एमाले) ले पार्टीका उपाध्यक्ष, संविधानसभाका अध्यक्ष एवं पूर्वसभामुख सुवासचन्द्र नेम्वाङको निधनबाट नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनका साथै समग्र राष्ट्रकै लागि अपूरणीय क्षति पुगेको बताएको छ ।

कार्यवाहक महासचिव प्रदीप ज्ञवालीले मंगलबार शोक वक्तव्य जारी गर्दै उहाँको अकल्पनीय, आकस्मिक र अत्यन्त दुःखद् निधनबाट पार्टी स्तब्ध र मर्माहत भएको बताउनुभएको छ । उहाँले नेम्वाङको असामयिक देहावसानले एमाले पार्टी पङ्क्तिका लागि मात्रै नभई नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनकै लागि ठूलो पीडा र क्षति पुगेको उल्लेख गर्नुभएको छ । नेता नेम्वाङको मंगलबार बिहान १:५० बजे उपचारका क्रममा त्रिवि शिक्षण अस्पतालमा निधन भएको हो । शोक वक्तव्यमा भनिएको छ, "उपाध्यक्ष नेम्वाङले राष्ट्र र जनताको हितमा पुऱ्याउनुभएको योगदानको उच्च मूल्याङ्कनसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं र उहाँको असल गुणहरूबाट निरन्तर प्रेरणा लिइरहने सङ्कल्प गर्दछौं ।"

उहाँ सामाजिक आर्थिक रूपान्तरणको अभियान तथा लोकतन्त्र, सामाजिक न्याय, संविधान र विधिको शासन तथा मानवअधिकारका पक्षमा अविचलित रूपमा उभिने नेताको रूपमा परिचित रहनुभएको कार्यवाहक महासचिव ज्ञवालीले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ । "मृदुभाषी, सरल र कसैका आँखामा पनि नबिझाउने सार्वजनिक छवि निर्माण गर्नुभएका सुवासचन्द्र नेम्वाङ विभिन्न राजनीतिक दल र पक्षहरूसँग समन्वयका लागि विशिष्ट क्षमता राख्नुहुन्थ्यो,"



विज्ञप्तिमा भनिएको छ, "अत्यन्त जटिल र तनावपूर्ण अवस्थालाई पनि सहज तुल्याउँदै समस्याको निकास निकाल्न उहाँले धेरैपटक अविस्मरणीय भूमिका खेल्नुभएको छ ।"

नेता ज्ञवालीले नेम्वाङले नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा असाधारण योगदान गरेको भन्दै संविधानसभाका अध्यक्षका रूपमा नेपालको संविधान निर्माण गर्ने ऐतिहासिक संविधानसभाको दुई-दुई पटक नेतृत्व गर्दै संविधान निर्माण गर्न अग्रणी भूमिका खेल्नुभएका उहाँको योगदान नेपालको इतिहासमा अमिट रूपमा स्थापित गरेको उल्लेख गर्नुभयो । विसं २००९ फागुन २८ गते बुबा रामबहादुर नेम्वाङ र आमा अपिन्द्रकुमारी नेम्वाङको कोखबाट इलाम नगरपालिका-७ मा जन्मनुभएका नेम्वाङका श्रीमती, दुई छोरा र दुई छोरी हुनुहुन्छ । नेम्वाङले पुनःस्थापित प्रतिनिधिसभा (२०६३), अन्तरिम संविधान जारी भएपछि गठित व्यवस्थापिका संसद् (२०६३), संविधानसभाको निर्वाचनपछिको व्यवस्थापिका संसद् (२०६५) तथा २०७० गरेर चारपटक सभामुखको जिम्मेवारी अत्यन्त कुशलतापूर्वक बहन गर्नुभएको थियो ।

यस्तै २०४८ र २०५२ सालमा दुई पटकसम्म राष्ट्रियसभा सदस्य रहनुभएका उहाँ २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री रहनुभएको नेकपा (एमाले) को सरकारमा कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्रीका हैसियतमा उहाँले मुलुकमा कानूनी शासनको सुदृढीकरणका लागि अत्यन्त गहन भूमिका खेल्नुभएको थियो । "उहाँ जनतामाझ कति लोकप्रिय हुनुहुन्थ्यो भन्ने कुराको पुष्टि उहाँ २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा सम्पन्न निर्वाचनमा इलामबाट निरन्तर विजयी भएको तथ्यबाट हुन्छ", ज्ञवालीले जारी गर्नुभएको शोक वक्तव्यमा भनिएको छ । विसं २०५६ मा प्रतिनिधिसभा सदस्यको रूपमा इलामबाट पहिलो पटक निर्वाचित भई सार्वजनिक लेखा समितिको सभापतिका रूपमा उहाँले खेल्नुभएको भूमिका उल्लेखनीय छ । आदर्श स्कुल, इलाममा पढ्दैदेखि वामपन्थी आन्दोलनको प्रभावमा रहनुभएका उहाँले त्रिचन्द्र कलेजबाट आइएस्सी उत्तीर्ण गर्नुभयो । उहाँ महेन्द्ररत्न क्याम्पस, इलाममा बीए पढ्दै गर्दा अनेरास्ववियुका तर्फबाट स्ववियु सभापति निर्वाचित हुनुभएको थियो । नेपाल ल क्याम्पस, काठमाडौंमा बीएल अध्ययन गर्दा सरकार विरुद्ध पर्चा छरेको आरोपमा राजकाज मुद्दामा सात महिनासम्म जेलजीवन बिताउनुभएको थियो । विसं २०४६ को संयुक्त जनआन्दोलन, २०६२/६३ मा शान्तिपूर्ण जनआन्दोलनलगायत विभिन्न आन्दोलनमा उहाँ पटक-पटक हिरासतमा पर्नुभएको थियो । विसं २०३३ असार ३ गते जेलमै रहँदा तत्कालीन अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन केन्द्रको पार्टी सदस्यता प्राप्त गर्नुभएका उहाँ २०४९ सालमा पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय न्यायिक समितिको सदस्यमा निर्वाचित हुनुभएको थियो ।

उहाँ छैटौं महाधिवेशन (२०५४) र सातौं महाधिवेशन (२०५९) बाट केन्द्रीय सदस्य, २०७२ सालमा पार्टी स्थायी कमिटी सदस्य र दशौं राष्ट्रिय महाधिवेशन (२०७८) बाट केन्द्रीय उपाध्यक्षमा निर्वाचित हुनुभएको थियो । पार्टी निर्माण तथा विस्तारमा उहाँको योगदानको पार्टी उच्च मूल्याङ्कन गर्ने नेता ज्ञवालीले बताउनुभयो । विसं २०३६ देखि नेपाल ल क्याम्पसमा प्राध्यापन सुरु गर्नुभएका उहाँले नेपाल बार एसोसिएसन केन्द्रीय सदस्य (२०४१) तथा महासचिव (२०४३) का रूपमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । उहाँ महासचिव रहेकै कार्यकालमा सम्पन्न नेपाल बार एशोसियशनको राष्ट्रिय सम्मेलनले देशमा पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्था स्थापनाको प्रस्ताव पारित गरेको थियो । कलेज जीवनमा फुटबल टिमका क्याप्टेनसमेत रहनुभएका उहाँ बहुआयामिक व्यक्तित्वका धनी भएको नेता ज्ञवालीले बताउनुभयो ।

## राजकीय सम्मानका साथ नेम्वाङको अन्त्येष्टि गर्ने सरकारको निर्णय

**रासस**
काठमाडौ, २५ भदौं

सरकारले संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कार्यालयमामंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले संविधानसभा अध्यक्षको निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति सरकारले समवेदना प्रकट गरेको छ । संविधान निर्माण प्रक्रियामा उहाँले गरेको योगदानप्रति सम्मान प्रकट गर्दै सरकारले राष्ट्रिय सम्मान दिने निर्णय गरेको संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले जानकारी दिनुभयो ।

यसै गरी नेम्वाङको निधनको शोकमा सरकारले बिहीबार सार्वजनिक बिदा दिएको छ । मंगलबार गृह मन्त्रालयले सूचना प्रकाशित गरी बिहीबार बिदा हुने जनाएको हो । वर्तमान प्रतिनिधिसभासदस्यसमेत रहनुभएकानेम्वाङको ७१ वर्षको उमेरमा मंगलबार बिहान असामयिक निधन भएको थियो । त्यो दिन सरकारले नेपालभरका सबै सरकारी कार्यालय, विदेशस्थित नेपाली दूतावास र नियोगमा बिदा दिने र तत्तत् निकायका कार्यालयमा राष्ट्रिय झण्डा आधा झुकाउने भएको छ ।

## पोखरामा विद्यालय नाटक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

पोखरामा बुधबारदेखि पाँचौं संस्करणको विद्यालय नाटक महोत्सव सुरु हुँदैछ । आगामी असोज १२ गतेसम्म चल्ने उक्त महोत्सवको तयारी पूरा भएको आयोजक पोखरा थिएटरले जनाएको छ ।

महोत्सवमा पोखरा महानगरपालिकाभित्रका विद्यालयका १४ र काठमाडौंको एक अतिथि नाटक गरी कुल १५ नाटक मञ्चन गरिने थिएटरका अध्यक्ष परिवर्तनले जानकारी दिनुभयो । महोत्सवको बुधबार दिउँसो शिक्षासेवी जर्ज जोनले उद्घाटन गर्नुहुने जनाइएको छ ।

महोत्सवको पहिलो दिन पोखराको माटेपानीस्थित हिल पोइन्ट माविको नाटक 'शिलान्यास' मञ्चन हुनेछ । लेखक भीमनिधि तिवारीले लेख्नुभएको सो नाटकको निर्देशन रमेश तिमिल्सिनाले गर्नुभएको छ । सबै नाटक दिउँसो १ बजेदेखि गन्धर्व नाटकघरमा मञ्चन हुनेछन् ।

पोखरा प्रज्ञा प्रतिष्ठान, गण्डकी प्रज्ञा प्रतिष्ठान र राइट फर चिल्ड्रेनसँगको सहकार्यमा महोत्सव आयोजना गरिएको अध्यक्ष परिवर्तनले बताउनुभयो । महोत्सवको आदर्श वाक्य 'शिक्षण विधिको रूपमा विद्यालयमा नाटक' रहेको छ । रु एक हजारमा सबै नाटक हेर्न सकिने गरी दर्शकलाई टिकको प्रबन्ध गरिएको आयोजकले जनाएको छ ।

## पोखरामा इनोफेस्ट कार्यक्रम हुँदै, फोहोर व्यवस्थापन र उद्यमलाई प्रविधिसँग जोड्ने लक्ष्य

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

पोखरामा इनोफेस्ट कार्यक्रम हुँदैछ । पोखरा सभागृह हलमा भाद्र २७ गते बुधबार बिहान ११ बजेबाट हुने कार्यक्रमलाई पोखरा महानगरपालिका, कोरिया अन्तर्राष्ट्रिय सहयोगी नियोग(कोइका) र युएनडीपीले आयोजना गरेका हुन् ।

खासगरी पोखराको फोहोर व्यवस्थापनलाईप्रविधिसँगकसरी जोड्न सकिन्छ र उद्यमशिलताको विकासमा प्रविधिको प्रयोग कसरी हुन्छ भन्ने विषयको जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको युएनडीपी गण्डकी र लुम्बिनी प्रदेशका फिल्ड कार्यालयका सुदिप अर्यालले जानकारी गराए । उनका अनुसार साँझ ५ बजेसम्म हुने कार्यक्रममा २०

बाँकी अन्तिम पृष्ठमा ▶▶


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेन्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१


## फुटबलप्रेमी हुनुहुन्थ्यो नेम्वाङ

**रासस**
गण्डकी, २६ साउन (रासस)

कतार विश्वकप सुरु हुनुअघि राजधानीमा आयोजित एक सार्वजनिक समारोहमा सुवास नेम्वाङले भन्नुभएको थियो, "मलाई सारै मनपर्ने खेलाडी मेस्सी पिएसजी गएकाले बार्सिलोना हेर्न छोडेको छु । अर्जेन्टिना र पिसएजीको फुटबल हेर्छु । जे होस् योपालि चाहिँ अर्जेन्टिना र मेस्सीले विश्व फुटबल जित्छन् भन्ने मलाई विश्वास छ ।"

नभन्दै भयो पनि त्यस्तै । गत वर्ष कतारमा आयोजित २२औं विश्वकपको उपाधि अर्जेन्टिनाले जित्यो । नेम्वाङ अर्जेन्टिनी फुटबलर लियोनल मेस्सीको प्रशंसक हुनुहुन्थ्यो । सार्वजनिक मञ्चमा बेला-बेला फुटबलको प्रसङ्ग उप्काउनुहुन्थ्यो । अन्तर ष्ट्रिय फुटबलमा मेस्सीपछि पोर्चुगिज खेलाडी क्रिस्टियानो रोनाल्डो उहाँलाई मन पर्ने खेलाडीमा पर्थे । नेकपा (एमाले) भित्रको विवाद उत्कर्षमा थियो । त्यही बेला १६औं संस्करणको युरोकप फुटबल चलिरहेको थियो। यो विसं २०७८ असारतिरको कुरा हो । पार्टीको विवाद समाधानका लागि गठित कार्यदलको संयोजक हुनुहुन्थ्यो नेम्वाङ ।

घन्टौंसम्म बसेको कार्यदलको बैठकबारे उहाँले त्यो बेला सञ्चारकर्मीसँग भन्नुभएको थियो, "बिहान ८ बजे नै सुखद् समाचार दिन्छौं भनेका थियौं, सो खालको परिस्थिति बनेन, सहमति गरेर हामी फुटबल हेर्न जान्छौं, त्यसकै लागि ११ घन्टादेखि प्रयत्न जारी छ, छलफल सकारात्मक रुपमै अगाडि बढेको छ, सहमति बन्नेमा म विश्वस्त छु ।" सोही दिन युरोकपको उपाधिका लागि इङ्ल्याण्ड र इटाली भिडेका थिए । इङ्ल्याण्डलाई पराजित इटालीले युरोकप जित्यो । सहमतिमा हस्ताक्षर गरेर फुटबल हेर्न जाने बताउनुभएका नेम्वाङले उक्त फाइनल खेल हेर्न पाउनुभयो या भएन त्यो त अब अनुमान मात्र गर्न सकिने विषय भयो । सोही दिन १० बुँदे सहमति त भयो यद्यपि एमालेको विभाजन भने रोकिएन । माधवकुमार नेपाललगायतका नेता एमालेबाट अलग्गिएर छुट्टै पार्टी खोले । पार्टीभित्रको विवादको रापतापमा पनि नेम्वाङले दिएको त्यो अभिव्यक्तिले फुटबलप्रतिको लगावलाई दर्साउँथ्यो । नेम्वाङ कुनैताका फुटबल खेल्नुहुन्थ्यो । पार्टी र राजकीय कामको चटारोमा पनि उहाँ राष्ट्रिय/अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता रुचिसाथ हेर्नुहुन्थ्यो। विद्यालय उमेरबाटै उहाँ फुटबलमा आकर्षित हुनुहुन्थ्यो । सञ्चारकर्मीसँगको कुराकारीमा उहाँले इलाममा रहँदा क्याम्पस र जिल्लास्तरका खेलमा क्याप्टेन भएर खलेको अनुभव सुनाउने गर्नुहुन्थ्यो । काठमाडौं आएपछि पनि राष्ट्रिय प्रतियोगिता नछुटाई हेर्ने गर्नुहुन्थ्यो । पहिलो दक्षिण एसियाली फुटबलमा नेपालले भारतलाई हराएको क्षण उहाँका लागि कहिल्यै बिर्सन नसक्ने क्षणका रुपमा रहेको थियो । संविधानसभा अध्यक्ष

बाँकी अन्तिम पृष्ठमा ▶▶

# समायोजनले स्याङ्‌जाका ७१ विद्यालय गायब

## करोडौंका भवन संरक्षणको अभावमा खण्डहर

**श्रीकृष्ण सिग्देल**
स्याङ्‌जा, २६ भदौं



२०४७ सालमा प्रजातन्त्र पुर्नस्थापना पछि स्याङ्‌जाका गाउँ–गाउँमा स्थापना गरिएका सामुदायिक विद्यालय अहिले नाम निसानै नरहनेगरी गायब भएका छन् । सबै नागरिकले सहजरुपले पढ्न पाउने अधिकार सगै गाउँ गाउँमा संचालनमा ल्याइएका सामुदायिक विद्यालय अहिले समायोजनले विलय भएका हुन् । शिक्षाको गुणस्तर खस्केसगै विद्यार्थीको संख्या घट्न थालेपछि स्याङ्‌जाका झण्डै ६ दर्जन भन्दा बढी सामुदायिक विद्यालय गायब अवस्थामा छन् । जसका कारण सरकारले भौतिक संरचनामा खर्चेको करोडौंको सम्पती क्षती भएको छ । तत्कालिन जिल्ला शिक्षा कार्यालय स्याङ्‌जाको शैक्षिक दर्पण २०७० नामक पुस्तिकामा प्रकाशित विवरणको तथ्याङ्क हेर्ने हो भने झण्डै १० बर्षको अन्तरालमा ७१ विद्यालय समायोजन भएका छन् । २०७० सालमा स्याङ्‌जामा प्रा.वि., निमावि र मावि गरी ५ सय २० विद्यालय रहेका थिए । २०८० सालसम्म आईपुग्दा ११ ओटै पालिकामा ४ सय ४९ सामुदायिक विद्यालय रहेको तथ्याङ्कले देखाएको छ ।

समायोजनमा परेका विद्यालयको भौतिक संरचना अहिले संरक्षणको अभावमा खण्डहर हुदै जान थालेका छन् । केही विद्यालयमा बाल विकास कक्षा संचालन गरिएपनि अधिकांश विद्यालयको संरचना संरक्षणमा कसैको ध्यान पुगेको छैन । समायोजनमा परेका विद्यालय निर्माण गर्दा अनुमानित लागत झण्डै ४० करोड भन्दा माथी रहेको बताइएको छ । यती ठुलो धनराशी खर्च गरेर निर्माण गरिएका विद्यालय आज विद्यार्थीको अभावमा खण्डहरमा परिणत हुन पुगेका छन् । यस तर्फ न जिल्ला शिक्षा ईकाइ जवाफदेही छ, न स्थानीय सरकार जवाफदेही छ । समायोजनमा परेका विद्यालय अध्ययन गरेर मुलुकका विभिन्न तहमा पुगेका व्यात्तिहरु समेत बेखबर बनेका छन् । संघियतापछि बनेको ११ ओटै पालिकाका शिक्षा शाखा दिएको तथ्याङ्कमा सबैभन्दा धेरै विद्यालय पुतलीबजार नगरपालिकाका समायोजन भएको देखिएको छ । मुलुक संघियतामा गएपछि बनेको ११ वटा स्थानीयतह अनुसार पुतलीबजारमा गएको ५ बर्षमा २३ वटा सामुदायिक विद्यालय समायोजन गरिएको शिक्षा शाखाका प्रमुख बावुराम बरालले जानकारी दिए । अझै केही विद्यालय समायोजन अवस्थामा रहेको बरालले बताए । भौगोलिक विकटताले विद्यालय समायोजनमा कठिन देखिएकाले केही समस्या रहेको बरालले बताए । समायोजन भएका केही विद्यालयमा बाल विकास केन्द्र संचालन गरिएको उनको भनाई छ । यसै गरी वालिङले ५, चापाकोटले ६, भीरकोटले ५ र गल्याङ नगरपालिकाले ५ बर्षमा १ विद्यालय समायोजन गरी विद्यालयको संख्या घटाएका छन् ।

त्यसै गरी बिरुवाले ४, आँधीखोलाले ६, फेदिखोलाले ५ र अर्जुनचौपारी गाउँपालिकाले १ वटा विद्यालय समायोजन गरेको छ । यो ५ बर्षमा कालीगण्डकी र हरिनास गाउँपालिकामा भने विद्यालय समायोजन भएका छैनन् । २०७० देखि स्थानीयतहको निर्वाचन नहुनुभन्दा अगाडी २०७४ भित्र १५ विद्यालय समायोजन भइसकेका थिए । झण्डै १० बर्षको तथ्याङ्क हेर्दा ७१ विद्यालय गायब भएको देखिन्छ भने स्थानीयतहको निर्वाचन पछि ६ बर्षको तथ्याङ्क हेर्ने हो भने ५६ वटा विद्यालय गायब भएको देखिन्छ । अहिले जिल्लामा ४ सय ४९ वटा आधारभुत र मावि सामुदायिक विद्यालय संचालनमा छन् । हाल संचालनमा रहेका विद्यालयहरु मध्ये झण्डै दुई दर्जन अझै समायोजनमा लैजानुपर्ने अवस्था रहेको पालिकाका शिक्षा शाखाका अधिकारीहरु बताउछन् । भौगोलिक विकटता, गरिबी र आवश्यकतालाई मध्यनजर गरेर मापदण्ड विपरीत पनि विद्यालय संचालन गर्न बाध्य रहेको पालिकाका अधिकारीहरुको भनाई छ । शिक्षालाई गुणस्तरीय बनाउन समुदायलाई नै जिम्मेवार बनाउने गरी यसको सम्पुर्ण अधिकार स्थानीयतहलाई दिएको छ । स्थानीयतहले जिम्मेवार पाएपनि अझै ठोस कार्यविधि ल्याउन नसक्दा शैक्षिक गुणस्तरमा झनै कमजोर अवस्था आउन थालेको शिक्षाविद्हरु बताउछन् । संस्थागत विद्यालयका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्न थालेको बहानामा शिक्षा अधिकारी र शिक्षकहरु तर्क गरिरहेका छन् । बिषयगत तालिम पालिकाले दिन नसक्दा हिजोको भन्दा आज शैक्षिक गुणस्तरमा कमजोर भएको शिक्षा ईकाईका सुचना अधिकारी टंकराज बरालको भनाई छ । संघिय सरकारले तालिमलाई अझै केन्द्रिकृत गरिदिदा समस्या हुने गरेको उनको बुझाई छ । 'शिक्षकलाई बिषयगत टेक्निकल सहयोग हुनै छाडेको छ उनले भने,'स्थानीयतहले यसको व्यवस्थापन गर्नुपर्ने थियो त्यो भएको छैन ।' जसले गर्दा नयाँ पाठ्यक्रम आउदा शिक्षकलाई निकै अफठ्यारो हुने गरेको छ उनले भने । सरकारले सबै नागरिकको पहुँचमा शिक्षा पुगोस भनेर गरेको लगानीलाई संरक्षण गर्ने दायीत्व स्थानीय सरकारको हो । यस्ता सम्पतीको बेलैमा ध्यान दिनुपर्ने सामुदायिक विद्यालय महासंघ स्याङ्‌जाका अध्यक्ष खुमकान्त खनालको भनाई छ । धमाधम सामुदायिक विद्यालय समायोजनमा लैजानुपर्ने बाध्यता विद्यार्थीको संख्या घट्नु मात्रै नभएर सरकारी शिक्षक, कर्मचारीहरु जिम्मेवार नबन्दा यो परिणाम आएको अभिभावकहरु बताउछन् ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा शिक्षकहरु जिम्मेवार नहुने, आफ्ना छोराछोरी नीजि विद्यालयमा अध्यापन गराउने लगायतका कारणहरु देखिएका छन् । स्याङ्‌जामा ७२ वटा संस्थागत (नीजि) विद्यालयहरु रहेका छन् । अधिकांश विद्यालयको लगानी सरकारी कर्मचारी र शिक्षकहरुको रहेको देखिएको छ । सामुदायिक विद्यालयको नेतृत्व गरिरहेका अधिकांश शिक्षकहरु नीजि विद्यालयमा लगानी गरेर सरकारी विद्यालयहरु धमाधम समायोजन गर्नमा तल्लिन रहेको तथ्याङ्कले देखाएको छ ।

पढाउनु भन्दा पनि राजनीतिमा व्यस्त देखिने शिक्षकहरुलाई स्थानीय सरकारले समेत नियन्त्रणमा ल्याउन नसक्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर घट्दै जान थालेको अभिभावकहरु बताउछन् । सरकारको नुन खाने अनि सरकारले संचालन गरेको विद्यालयलाई ध्वस्त पार्ने खेलमा सरकारी शिक्षकहरु तल्लिन रहेको बताइएको छ । शैक्षिक ऐन फितलो हुदा सरकारले लगानी गरेको सरकारी विद्यालयको गुणस्तर खस्कदो अवस्थामा पुगेको सामुदायिक विद्यालय महासंघ स्याङ्‌जाका अध्यक्ष खुमकान्त खनालले स्विकार गरे । 'जुनसुकै विद्यालयमा बालवालिकाले पढ्ने मौलिक अधिकार ऐनमै छ उनले भने,' कानुन संशोधन नभएसम्म शिक्षामा कुनै परिवर्तन हुने देखिदैन ।' शिक्षकले सरकारी विद्यालयमा पढाउने र नीजिमा लगानी गर्न नपाइने कानु ल्याउन आवश्यक छ उनले भने । स्थानीय सरकारले पनि अनुगमनको पाटोलाई बलियो बनाउदै शिक्षक, अभिभावकलाई क्षमता अभिबृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने खनालले बताए ।

जिल्लामा संचालनमा आएका अधिकांश नीजि विद्यालयमा लगानी गर्ने नीजिमति कर्मचारी भन्दा पनि सरकारी शिक्षकहरु धेरै रहेका छन् । यसतर्फ सरकारले ध्यान दिन नसकेको गुनासो रहेको छ । सरकारले शिक्षामा निशुल्क गरेको बताएपनि शैक्षिक गुणस्तरमा अभिभावकले सरकारी विद्यालयलाई विश्वास नगरिदिदा विद्यार्थीको आर्कषण नीजि विद्यालय तर्फ गएको देखिएको छ ।

शिक्षक नेताहरुनै नीजि शैक्षिक क्षेत्रमा लगानी गरी सरकारलाई चुनौती दिएपनि यस बिषयमा सरकार बेखबर जस्तै बनेको छ । यस बिषयमा बेलैमा ध्यान दिएर सरकारी विद्यालयको लगानीलाई सदुपयोग गर्ने तर्फ सम्वन्धित पक्षको ध्यानाकर्षण हुनु जरुरी छ ।

# हेभी इक्युपमेण्ट व्यवसायीको गुनासो 'काम छैन, समयमा भुक्तानी पाइँदैन'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

निर्माण कार्यमा प्रयोग हुने ठूला मेसिनहरु महँगा हुन्छन् । एक करोड रुपैयाँभन्दा बढी मूल्यका ती मेसिन किनेर व्यवसाय गर्न जो-कोहीले सक्दैन ।

निर्माण कार्यले गति लिँदा मेसिन संचालकहरुले काम पनि राम्रै पाउँछन् । तर, महँगा मेसिन किनेर व्यवसाय गर्न भने सजिलो नभएको व्यवसायीहरुले जिकिर गरेका छन् । उनीहरुले समयमा भुक्तानी नपाउने र ठेकेदारले आफ्नै मेसिनबाट काम गर्ने प्रवृत्तिका कारण यो व्यवसाय चौपट भएको धारणा राखेका छन् ।

कास्की हेभी इक्युपमेण्ट व्यवसायी संघ,पोखराले आयोजना गरेको प्रशिक्षण एवं अन्तर्क्रियामा बोल्दै नेपाल हेभी इक्यूमेण्ट व्यवसायी महासंघका अध्यक्ष प्रेमलाल श्रेष्ठले ठूलो लगानीमा संचालित व्यवसायीहरुलाई राज्यले संरक्षण नगरेको जिकिर गरे । राष्ट्रको भौतिक निर्माणमा योगदान पुऱ्याउने व्यवसायीहरुले वर्षभर काम नपाउने र पाए पनि भुक्तानीमा समस्या आइरहेको उनको भनाइ थियो । कार्यक्रम तथा कास्की



हेभी इक्यूपमेण्ट व्यवसायी संघका अध्यक्ष बालकृष्ण कोइरालाले काम गर्ने तर भुक्तानी नपाउने समस्याका कारण व्यवसायीहरु पलायनको अवस्थामा पुगेको बताए । उनले सरकारले पूँजीगत खर्च गर्न नसक्दा व्यवसायमा मन्दी छाएको धारणा पनि राखे । ठूलो लगानीको व्यवसाय भएकाले उपकरणको बीमा गर्न उनले सुझाए ।

संघका सचिव भीम केसीका अनुसार सो अवसरमा एचपी खनाल एण्ड एसोसियटस्का संचालक ऋषिबहादुर खनालले लेखापढीसम्बन्धी,सगरमाथा इन्स्योरेन्सका सहायकमहाप्रबन्धक कविराज पौडेलले बीमासम्बन्धी व्यवस्थाबारे प्रशिक्षण दिएका थिए । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, हेभी इक्यूमेन्ट ब्यवसायी संघ पोखरा कास्कीको संस्थापक अध्यक्ष लीलामोहन कुइँकेल, नेपाल हेभी इक्यूमेन्ट ब्यवसायी महासंघका केन्द्रीय सदस्य एव तनहुँ हेभी इक्यूमेन्ट व्यवसायी संघका अध्यक्ष खिन्तबहादुर भण्डारी (भरत), कास्की हेभी इक्यूमेन्ट ब्यवसायी संघ पोखरा कास्कीको नि वर्तमान अध्यक्ष नेपाल हेभी इक्यूमेन्ट ब्यवसायी महासघ गण्डकी प्रदेस अध्यक्ष निलकण्ठ (निश्चल )पोखरेल, नेपाल हेभी इक्यूमेन्ट ब्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष उमाकान्त शर्मालगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रमकै दौरानमा देहान कन्स्ट्रक्सनका संचालिका सावित्री गुरुङ पुनले आफ्नो मेसिनको बीमासमेत गराएकी थिइन् ।

## फूटबालप्रेमी...

हुँदाको व्यस्तताका बीच पनि समय निकालेर उहाँले फुटबल हेर्नेगर्नुहुन्थ्यो ।

विश्व फुटबलमा उहाँलाई सबैभन्दा मनपर्ने क्लब बार्सिलोना थियो । जुन क्लबमा अर्जेन्टिनी फुटबलर मेस्सीले १७ वर्ष बिताएका थिए । दुई वर्षअघि बार्सिलोना छोडेर मेस्सी पिएसजी गएपछि आफ्नो रोजाइ पनि पिएसजी हुन पुगेको नेम्वाङले बताउनुहुन्थ्यो । राति १२/१ बजेतिर उठेर पनि फुटबल हेर्ने गरेको उहाँले सुनाउनुहुन्थ्यो । कुशल राजनीतिज्ञको छवि बनाएर एकाएक अस्ताउनुभएका दिवङ्गत नेम्वाङको फुटबलप्रतिको प्रेम र लगाव पनि जीवनको आखिरीसम्मै रह्यो । राज्यको उच्च ओहोदामा पुगेको व्यक्ति भइकन पनि खेलकुदप्रति उहाँले देखाउनुभएको चासोले नयाँ पिँढीलाई पनि प्रेरित गर्थ्यो ।

संविधानसभा अध्यक्ष, पूर्वसभामुख, एमाले उपाध्यक्ष नेम्वाङको हृदयघातका कारण गएराति काठमाडौँमा निधन भएको थियो । इलाम-२ बाट प्रतिनिधिसभामा निर्वाचित उहाँ एमाले संसदीय दलको उपनेतासमेत हुनुहुन्थ्यो । नेपाली राजनीतिमा नेम्वाङ शालीन, भद्र र परिपक्क नेताको रुपमा सधैँ चिनिनुभयो । विसं २००९ मा आमा अपिन्द्रकुमारी र बुबा रामबहादुर नेम्वाङका सुपुत्रका जन्मनुभएका उहाँ संविधान र कानूनका ज्ञातासमेत हुनुहुनथ्यो ।

राजनीतिमा सहमति र सहकार्यको संस्कृतिलाई स्थापिन गर्नमा अगुवाइ गर्नुहुने नेम्वाङ विसं २०५६ देखियता लगातार इलाम-२ बाट निर्वाचित हुनुभएको थियो । दिवङ्गत नेम्वाङको राजकीय सम्मानसहित अन्त्येष्टि गर्ने निर्णय सरकारले गरेको छ ।

## पोखरामा..

वटा स्टल रहनेछन् ।


पोखराको सौन्दर्यतालाई प्रभावकारी बनाउने हेतुले उक्त कार्यक्रमको आयोजना गरिएको उनले बताए । 'फोहोरलाई मोहरमा कसरी परिणत गर्ने ?, कुहिने फोहोरको कम्पोष्ट मल कसरी बनाउने ? लगायत स्थानीय उत्पादनको प्रर्वद्धन गरी पोखराको उद्यमशिलताको विकासमा टेवा पुग्ने गरी इनोफेस्ट कार्यक्रमको आयोजना गरिएको हो ।', उनले भने ।

प्लास्टिकलाई प्रशोधन गरी सडक पीच कसरी गर्न सकिन्छ ? मोटर ट्वाइलेटको अवधारणा लगायतका विषयमा इनोफेस्ट कार्यक्रम मार्फत जानकारी मिल्ने उनले उल्लेख गरेका छन् । पोखराका नागरिकले नविनतालाई अंगाल्न सकोस् भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । व्यवसायिक क्षेत्र,पोखरेली नागरिक,सरकारी कर्मचारी लगायत कलेजका विद्यार्थीहरुको सहभागिता रहने जानकारी गराइएको छ । कोइकाका उपाध्यक्षको समेत उपस्थिति रहनेछ । पोखरा विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, कोइका र युनिडीपीसँग जोडिएका महानगरपालिकाको उपस्थितिमा उक्त कार्यक्रम हुँदैछ । इनोफेस्ट जस्ता कार्यक्रमबाट तुरुन्तै रिजल्ट नआए पनि कालान्तरमा यसले पार्ने प्रभाव सकरात्मक हुने उनले बताए ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# नेम्वाङप्रति हार्दिक श्रद्धाञ्जली !

संविधान सभाका अध्यक्ष, पूर्व सभामुख, एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको असामयिक निधनबाट समसामयिक राजनीतिमा अपूरणीय क्षति भएको छ । नेपालको राजनीतिमा सन्तुलनकारी र संयमी र शालीन नेताको पहिचान बनाएका नेम्वाङलाई नेपालको संविधान, २०७२ रहुन्जेल सधैँ स्मरण गरिनेछ । अध्यक्ष नेम्वाङको निधनसँगै नेपालको संविधान, २०७२ को निर्माणमा प्रमुख आधिकारिक भूमिकामा रहेकाहरू बाँकी रहेनन् । संविधान जारी हुँदाका बखतका प्रधानमन्त्री सुशील कोइरालाको २०७२ मै देहावसान भएको थियो ।

नेम्वाङको निधनपछि व्यक्त शोकले उनको लोकप्रियताको पनि पुष्टि हुन्छ। उनलाई समकालीन नेपाली समाज र सहकर्मीहरूले सरल, शालीन एवं समन्वयकारी र परिपक्व राजनीतिक नेताका रूपमा पाएको उल्लेख गरेका छन । सुवासचन्द्र नेम्वाङ संविधान सभाको अध्यक्ष नभएका भए नेपालको संविधान, २०७२ पनि सहजरूपमा पारित हुनसक्ने थिएन भन्ने नेताहरूको भनाइले छर्लङ्ग पारेको छ। उनले संविधान सभाका बैठकमा देखाएको सुझबुझ र धैर्यको उतिबेलै पनि सराहना गरिएको थियो ।

मानिसमा केही कमि कमजोरी हुन्छन् । सुवासचन्द्र नेम्वाङका कमजोरीलाई उनको गुणले जितेको छ । नेपालीले अब नेम्वाङलाई एमालेका सुझबुझ र संयम भएका शालीन राजनीतिकर्मीका रूपमा सम्झिनेछन् ।एमालेले समन्वयकारी, संयमित र शालीन नेताको अभाव महसुस गर्नेछ । उनीपछि व्यवस्थापिकाको नेतृत्व गर्नेहरूको विवादास्पद छविले लामो राजनीतिक जीवनमा कुनै कलङ्क नलागेका सुवासचन्द्र नेम्वाङको व्यक्तित्व अब झन् चहकिलो हुनेछ । निकट भविष्यमा उनको अभाव पूरा हुने सम्भवना पनि त देखिँदैन ।

राजनीतिमा 'विभाजक आक्रामकता' बढ्दै गएको समयमा नेम्वाङजस्ता सरल समन्वयकारी नेताको अभाव पनि झन् बढी खट्किनेछ । नेम्वाङले संविधान निर्माणमा मात्रै नभएर सबै राजनीतिक दलहरूबीच सहमति र सहकार्यको माध्यमबाट मुलुकमा राजनीतिक परिवर्तनको हरेक मोडमा नेतृत्वदायी भूमिका निर्वाह गरेका छन । नेम्वाङ नेपालको राजनीतिक परिवर्तनको आन्दोलनको 'महान हस्ती' हुन।पुनःस्थापित प्रतिनिधिसभाले पारित गरेका प्रस्ताव हुन वा अन्तरिम व्यवस्थापिका संसदले गरेका निर्णय र संविधानसभाले गरेका निर्णयमा नेम्बाङले खेलेको भुमिका नेपाली जनताले स्मरण गर्नेछन् ।

# रक्तदानमा ४७ युनिट रगत संकलन




**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

नेपाल पर्यटक यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेश र लायन्स क्लब अफ पोखरा सुन्दरनगरीद्वारा संयुक्त रुपमा आयोजित रक्तदान कार्यक्रममा ४७ युनिट रगत संकलन भएको छ ।

पोखरा महानगरपालिका वडा नं ६ स्थित केदारेश्वर मन्दिर गेट परिसरमा आयोजित रक्तदानमा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ सहित पर्यटन सम्बद्ध संघ संस्थाका अध्यक्ष एवम् प्रतिनिधि, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५(के) का पदाधिकारीको उपस्थिति थियो । पिएमसिसि लायन्स दीपक श्रेष्ठले एनटिभिएका निवर्तमान अध्यक्ष बोबरजंग गुरुङलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गर्नुभयो । एनटिभिए गण्डकीका अध्यक्ष बाबुराम पाण्डेले संस्थागत रुपमा वर्षेनी रक्तदान कार्यक्रमलाई निरन्तरता दिएको बताउँदै रक्तदातालाई आभार एवम् कृतज्ञता व्यक्त गर्नुभयो । एनटिभिएका अध्यक्ष पाण्डेको अध्यक्षता एवम् महासचिव विकासप्रसाद कंडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा संयोजक श्याम लामिछानेले धन्यवाद व्यक्त गर्नुभयो । उक्त अवसरमा पोखरा पर्यटन परिषद् का अध्यक्ष पोमनारायण श्रेष्ठ, एनटिभिएका संस्थापक अध्यक्ष एवम् सल्लाहकार मदन शर्मा खनाल, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५(के) का ब्लड डोनेशन चिफ लायन श्यामकृष्ण श्रेष्ठ र डिष्ट्रिक रिपोटिङ चिफ लायन महेश पौडेल लगायतले रक्तदानको महत्व बारे प्रकाश पार्नुभयो ।

# रुइला नाकामा पासको व्यवस्था गर्न माग

**पोखरापत्र संवाददाता**
गोरखा, २६ भदौं

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका जनप्रतिनिधि, स्थानीयवासी तथा राजनीतिक दलका नेताले रुइला नाका हुँदै चीन प्रवेशका लागि बोर्डर पासको व्यवस्था मिलाउन गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग माग गरेका छन् ।

गाउँपालिका अध्यक्ष निमा लामा नेतृत्वको टोलीले गृहमन्त्री श्रेष्ठलाई आज मन्त्रालयमा नै भेटेर तत्काल रुइला नाका हुँदै चीन प्रवेशका लागि स्थानीयवासीलाई बोर्डर पासको व्यवस्था मिलाउन माग गरेका हुन् । "कोरोना सङ्क्रमण सुरु भएसँगै बन्द रहेको चीनसँग जोडिएको रुइला नाकामा आवातजावतका लागि खुकुलो भएको छ, तर बोर्डर पास नभएसम्म अझै पनि चीनले प्रवेश गर्न दिँदैन", उहाँले भन्नुभयो, "हामीले गृहमन्त्रीसँगको भेटमा तत्काल त्यस क्षेत्रका बासिन्दालाई बोर्डर पासको व्यवस्था गर्न अनुरोध गरेका छौँ ।" चीनले आफूहरूलाई नाका प्रवेशमा खुकुलो गरेको भए पनि बोर्डर पास बिना नागरिकताको आधार प्रवेश गर्न नदिने बताएको अध्यक्ष लामाको भनाइ छ । छेकम्पार स्थित रुइला भन्ज्याङ नाका र सामागाउँको रुइला भञ्ज्याङ नाका हुँदै चीन प्रवेश गर्ने नाका कोरोना सङ्क्रमणपछि बन्द भएको थियो ।

त्यस क्षेत्रका बासिन्दालाई चीनको रुइ कोन्दाङर जुङ्गा बजारमा दैनिक उपभोग्य सामग्री किनमेल गर्न सजिलो पर्दछ । "चुमनुब्री क्षेत्रका बासिन्दाको किनमेल र आउजाउ चीनको बजारमा हुने भएकाले धेरै मानिस बोर्डर क्षेत्रमा प्रवेशका लागि पर्खाइमा छन्", उहाँले भन्नुभयो, "चीनतर्फबाट आउजाउका लागि बोर्डर पास अनिवार्य गरेकाले गृहमन्त्रीलाई पासको उपलब्ध गराइदिन भेटेर माग गरेका हौँ ।" गृहमन्त्रीसँगको भेटमा सामागाउँमा सशस्त्र प्रहरीको बिओपी राख्नका लागि सबै तयारी पूरा भए पनि सामान ढुवानी गर्न नसक्दा ढिलाइ भइरहेको भन्दै सामान ढुवानीका लागि हेलिकप्टरको व्यवस्थाका लागि पहल गरिदिनुसमेत माग गरेको उहाँले जानकारी दिनुभयो । "सशस्त्र प्रहरीको बिओपी सुरु गर्नका लागि सामग्री ढुवानीका लागि सडक बाटो पुगेको छैन", अध्यक्ष लामाले भन्नुभयो, "त्यसका लागि ठूलो हेलिकप्टर आवश्यक पर्ने भएकाले सरकारले नै पहल गरेर सेनाको हेलिकप्टरमार्फत ढुवानीका लागि व्यवस्था मिलाइदिन अनुरोध गरेका छौँ ।" गृहमन्त्रीसँगको भेटमा अध्यक्ष लामासहित पूर्वराज्यमन्त्री छमबहादुर गुरुङ, स्थानीय समाजसेवीलगायतको सहभागिता रहेको थियो ।

# थोक बिक्रेताको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

थोक बिक्रेता संघ पोखरा र लायन्स क्लब अफ पोखरा ग्लोबल सिटीको संयुक्त आयोजनामा भएको रक्तदानमा ५७ युनिट रगत संकलन भएको छ ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिको प्रमुख आतिथ्यता एवं थोक बिक्रेता संघका कार्यवाहक अध्यक्ष होमकुमार राई र लायन्स ग्लोबल लेकसिटीका अध्यक्ष रेशमलाल श्रेष्ठको संयुक्त अध्यक्षतामा भएको सो कार्यक्रममा थोक बिक्रेता संघ कास्कीका निवर्तमान अध्यक्ष हरिराज पन्त,लायन्स ३२५ आइ नेपालमा डिक्ट्रिक्ट कोअर्डिनेटर विनोद ढुंगानालगायतको उपस्थिति रहेको थियो ।

# देशले नदेखेको नार्पाभूमि

**–नवीन लामिछाने**
मनाङ, २६ साउन (रासस)

गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये सडक सञ्जालसँग नजोडिएको एउटै मात्र पालिका हो मनाङको नार्पाभूमि गाउँपालिका । नार्पाभूमि जिल्ला सदरमुकामबाट ७० किलोमिटर टाढा छ । विकट यस पालिका पुग्न दुई दिन पैदल यात्रा गर्नुपर्छ ।

सङ्घीयता कायम नहुँदै त नार्पाभूमिको विकासमा राष्ट्रको नजर पर्न सकेन । अहिले सङ्घीयता कायम भएपछि पनि माथिल्लो सरकारको नजर पर्न सकेको छैन । तर, नार्पाभूमि विकट भएर पनि हुनसक्छ सङ्घ सरकार तथा प्रदेश सरकारको नजर अझै पर्न सकेको छैन । यहाँको विकासलाई हेर्ने हो भने नार्पाभूमि राज्यविहीनकै अवस्थामा रहेको छ । देशलाई चिनाउनकै लागि महत्वपूर्ण भूमिका खेल्ने पर्यटकीय क्षेत्रको सरकारले चासो दिएको पाइएको छैन । सरकारले यस्ता महत्वपूर्ण पर्यटकीय क्षेत्रलाई वास्ता नगरेकाले पिछडिएका स्थानीयवासीको भनाइ छ । नार्पाभूमि-५ का वडाध्यक्ष सोनम तेन्जिङ लामाले सडकको अभावमा पर्यटकीय तथा स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन समेत सकिने अवस्था नरहेको बताउनुभयो । उहाँका अनुसार नार्पाभूमिको विकासका लागि स्थानीय सरकारबाहेक अन्य सरकारको चासो पुग्न नसक्दा उपेक्षा गरिएको आभास हुने गर्छ ।

विकट क्षेत्रको विकासमा कुनै पनि सरकारको चासो नपुग्दा यहाँका स्थानीय निरास हुने गरेका छन् । नार्पाभूमि गाउँपालिकाका निवर्तमान अध्यक्ष मिङ्मा छिरिङ लामाले माथिल्ला सरकारले आम्दानीसँग जोडिएका क्षेत्रको विकासमा नै चासो नदिँदा उपेक्षा गरिएको महसुस हुने गरेको बताउनुभयो । "सडक सञ्जालसँग जोडेर स्थानीयवासीको सहज यात्रा गराउने उद्देश्यसहित पटकपटक सङ्घ सरकार र प्रदेश सरकारसमक्ष माग पेस गरेँ, तर सुनुवाइ नहुँदा मेरो कार्यकाल सकियो, अझै पनि समन्वय गर्ने भूमिकामा उभिएकै छु", उहाँले भन्नुभयो, "वर्तमान गाउँपालिका अध्यक्षले पालिकाले नै सडक सञ्जाल बनाउनुपर्छ भनेर सडक सञ्जाल खन्ने काम गरिरहनु भएको छ, उहाँलाई हाम्रो साथ, सहयोग छ ।" सरकारले सहयोग नगरे पनि पालिकाले सडक सञ्जाललाई प्राथमिकता दिएर गरेको उहाँको भनाइ छ । नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले आवश्यक मात्रामा बजेट विनियोजन नगर्दा पालिकाले आफैँ एक्साभेटर र ब्रेकर खरिद गरी पालिकालाई सडक सञ्जालसँग जोड्ने प्रयास गरिरहेका जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म १४ किलोमिटर जति बाटो खन्ने काम भइसकेको छ ।

सडक सञ्जालबिना अन्य विकासका काम असम्भव हुने हुँदा हामीले बजेट विनियोजन गरेर पालिकालाई जिल्ला सदरमुकामसँग जोड्ने प्रयास गरिरहेको उहाँले बताउनुभयो । पालिकाको केन्द्र च्याँखुसम्म जिल्ला सदरमुकामबाट २६ किलोमिटरको दूरी छ । पहिला गाउँपालिकामा कुनै पनि भौतिक पूर्वाधार थिएन । अध्यक्ष लामाले भन्नुभयो, "उच्च हिमाली क्षेत्र नार्पाभूमिको माथिल्ला सरकारसँग पहुँचको अवस्था छैन, हामीले वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय भवन, बोर्डर आउट पोस्ट खडा गरिसकेका छौँ, यसैलाई विकास मान्नुपर्ने अवस्था छ ।" 'सम्पन्न नार्पाभूमि : प्रसन्न नार्पा जाति' भन्ने नाराका साथ गाउँपालिकाले पर्यटन, जडीबुटी र भौतिक पूर्वाधारको विकासमा जोड दिइरहेको उहाँको भनाइ छ ।

चीनसँग सिमाना जोडिएको विकट यस पालिकाले यार्सागुम्बालगायतका जडीबुटीका लागि व्यावसायिक रूपमै खेती गर्ने योजना बनाएको छ । यहाँको जिम्बुलाई देशविदेशसम्म पुऱ्याएर यहाँको प्रवर्द्धन गर्न लागिरहेको उहाँको भनाइ छ । पर्यटनको सन्दर्भमा नार्पाभूमिको 'भिलेज प्रोफाइल' तयार भएको छ । यहाँ भएका नार्फु ट्रेयल, (सेभेन पास ट्रेयल), नार गाउँ, फु गाउँ, सत्य गुम्बा, काङ्ला पास, टासिलाकाङ गुम्बा र काङ्ला पोखरी लगायतका द पर्यटकीय तथा धार्मिक स्थानको प्रचारप्रसार गरिरहेका उहाँले बताउनुभयो।नार्पाभूमिगाउँपालिकालाई नमुना पर्यटकीय स्थलका रूपमा विकास गर्ने लक्ष्य लिएको उहाँले जानकारी दिनुभयो । विकट क्षेत्रमा कर्मचारी आउन नचाहने हुँदा कर्मचारीको व्यवस्थापन एक जटिल समस्या बनेको उहाँको भनाइ छ । "सेवाग्राही थोरै मात्र हुने भएकाले कर्मचारीलाई काम गर्न सजिलो हुँदा समेत कर्मचारीहरू आउन मान्दैनन् " उहाँ भन्नुहुन्छ । 'व्यवस्थित बस्ती विकास' कार्यक्रम सञ्चालन गर्नुका साथै समयसमयमा घुम्ती शिविर राखेर पनि सेवा प्रवाह गरिरहेको उहाँले जानकारी दिनुभयो । शिक्षा, स्वास्थ्य, पर्यटनलगायत अन्य विकासका पूर्वाधारका क्षेत्रमा पनि पालिकाले प्राथमिकता दिएको छ । फु गाउँ चीनसँगको अन्तर्राष्ट्रिय सीमा रहेको छ । अहिलेसम्म त्यहाँ सीमास्तम्भ राखिएको पाइएको छैन । नार्पाभूमिलाई सुरक्षित राख्न फु गाउँमा बोर्डर आउट पोस्ट (बिओपी) राख्नेबारे छलफल भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यसका लागि आवश्यक पर्ने पूर्वाधार र सातदेखि १० रोपनी जमिनको खोजी भइरहेको छ, सर्वदलीय छलफलबाट बिओपी राख्ने सहमति भइसकेको छ, गृह मन्त्रालय र गृहमन्त्रीसँग पनि यस विषयमा छलफल गरेका छौँ, अन्तर्राष्ट्रिय सिमाना सुरक्षित गर्न राज्यको पनि ध्यान जानु जरुरी छ ।"

भौगोलिक विकटताले गर्दा यहाँ कोहीलाई जटिल स्वास्थ्य समस्या आयो भने हेलिकोप्टर चार्टर गर्नुको विकल्प छैन । विपन्न वर्गलाई उपचारको पहुँचसम्म पुऱ्याउन पालिकाले ५० प्रतिशत छुटमा व्यवस्थापन गर्ने गरेको उहाँले जानकारी दिनुभयो । सामान्य स्वास्थ्य समस्यालाई यहाँका स्वास्थ्य चौकीमा नै औषधोपचार हुने गरेको छ ।

पर्यटकले जथाभाबी फोहोर फाल्दा नदी फोहोर भएको तीतो अनुभव रहेको अध्यक्ष लामाले सुनाउनुभयो । नदी सफा गर्नेतर्फ पालिको ध्यान केन्द्रित गरेको उहाँले बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत आउने पर्यटकलाई दोब्बर रोयल्टी तिर्नुपर्ने प्रावधान निर्धारण गरिएको छ । यहाँका हिमलुङ, चोय, जुलु पिक, जुलु फरेस्टलगायतका साना हिमाल आरोहणमा पर्यटक आउने गर्दछन् ।

त्यस्तै यहाँको पर्यटकीय क्षेत्रको रूपमा परिचित समुद्री सतहबाट पाँच हजार दुई सय मिटर उचाइमा रहेको काङ्ला पास, मुस्ताङ निस्कने तेरिला पास पनि यसै क्षेत्रमा पर्दछ । यस पदमार्ग हुँदै घुम्न आउने पर्यटकलाई सहज बनाउन आवश्यक छ । स्थानीय तहले सडक सञ्जाललाई विकास गर्दा पदमार्गलाई असर नगर्ने गरी सङ्घ र प्रदेश सरकारले सहयोग गरेमा यहाँको प्राकृतिक सौन्दर्यतालाई संरक्षण गर्न सकिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | कार्यमा सफलता | तुला | मानसिक तनाब |
| वृष | मन चञ्चल | वृश्चिक | शारीरिक झमेला |
| मिथुन | सहयोग मिल्नेछ | धनु | ब्यापारमा लाभ |
| ककर्ट | सत्कार मिल्नेछ | मकर | अप्रत्यसित लाभ |
| सिंह | सम्मान मिल्नेछ | कुम्भ | शत्रुको भय |
| कन्या | आर्थिक समस्या | मीन | झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## पवित्र बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा-९, कास्की

### १२ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस पवित्र बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८०/०५/१८ गते सोमबार बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार निम्न मिति समय र स्थानमा संस्थाको १२ औं बार्षिक साधारण सभा हुने भएको हुदाँ शेयर सदस्यहरुले यसै सूचनालाई आधिकारिक निमन्त्रणा मानि अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ । साथै वार्षिक साधारण सभामा उपस्थिती हुने प्रत्येक शेयर सदस्यज्युहरुले आ-आफ्नो पासबुक वा आफ्नो शेयर सदस्य नं. सहित उपस्थित भईदिनु हुन अनुरोध गर्दछौ । शेयर सदस्यज्युहरुलाई यातायात खर्च उपलब्ध गराइने छ ।

**छलफलका विषयहरु:**
१. संचालक समितिको तर्फबाट अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
२. लेखा सुपरिक्षेण समितिको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
३. आ.व. २०७९/८० को लेखा परिक्षणको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
४. आ.व. २०७९/८० को कोषाध्याक्षको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
५. आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम तथा अनुमानित बजेट प्रस्तुत र पारित सम्बन्धमा ।
६. समस्या परेका शेयर सदस्यहरु वा समुदायका व्यक्तिहरुलाई सहयोग सम्बन्धमा ।
७. व्याजदर घटबढ गर्न/गराउन संचालक समितिलाई अख्तियार दिने सम्बन्धमा ।
८. कोषको बाँडफाड सम्बन्धमा ।
९. समितिका पदाधिकारी, सल्लाहकार, शेयरसदस्यहरुको बैठक भत्ता तथा यातायात खर्च सम्बन्धमा ।
१०. निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियुक्ति सम्बन्धमा ।
११. विविध
(नोट : प्रत्येक शेयर सदस्यज्युहरुले आ-आफ्नो पासबुक वा आफ्नो शेयर सदस्य नं. सहित उपस्थित भईदिनु हुन अनुरोध गर्दछौं । साथै खानाको मात्र व्यवस्था गरिएको छ ।)

**तपसिल**
मिति : २०८० कार्तिक १ गते बुधबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : ह्वाईट हाउस पार्टी प्यालेस, पोखरा-८, सृजनाचोक
सम्पर्क नं.: ०६१-५७१०६३, ९७६२८६४८६३, ९८२२३९४१६३, ९८५६०२२३६०, ९८५६०३८४४५, ९८४६०८५९२०, ९८५६०५३५१०,

**सचिव**
चन्द्र रानाभाट

# दुर्गम बस्ती मङ्गलेमा केन्द्रीय विद्युतीकरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ साउन

म्याग्दीको रघुगङ्गा गाउँपालिका–८ कुइनेमङ्गलेमा विद्युतको पहुँच पुगेको छ । कुइनेमङ्गलेसहित वडा नं ७ चिमखोलाको गौडामुनी र नामेला बस्तीमा विद्युतको पहुँच बिस्तार भएको हो ।

एक्काइस घरधुरीको रहेको कुइनेमङ्गलेमा बिजुली बत्ती बलेपछि सर्वसाधारण हर्षित बनेको स्थानीयवासी नरप्रसाद छन्त्यालले बताउनुभयो । उहाँका अनुसार यसअघि चिमखोलाको बगरखोला लघुजलविद्युत् बाट विद्युत् सुविधा पुगेको भए पनि मलाङको भीषण पहिरोले बिजुलीका पोल बगाएपछि गाउँ अन्धकार बनेको थियो ।

नेपाल विद्युत् प्राधिकरण बेनी वितरण शाखाले रघुगङ्गा गाउँपालिका–५ मूलपानीबाट मङ्गलेतर्फ केन्द्रीय विद्युत् को मुख्य लाइन विस्तार र ट्रान्सफर्मर जडान गरी घरघरमा मिटर बक्स जडान गरेपछि गाउँ उज्यालो बनेको छ । आर्थिक वर्ष २०७७/७८ बाट केन्द्रीय विद्युतीकरण विस्तार गर्ने योजना अघि बढेको र यसै साता यस क्षेत्रका ८७ घरमा मिटरबक्स जडान सकेर बिजुली बत्ती बाल्न सुरु भएको नेपाल विद्युत् प्राधिकरण बेनी वितरण शाखाका प्राविधिक प्रमुख शिवराज पौडेलले जानकारी दिनुभयो । मुख्य लाइन र शाखा लाइनसँगै २५ केभिए र ५० केभिएका दुई वटा ट्रान्सफर्मर जडान गरेर यस क्षेत्रमा विद्युतीकरणको पहुँच विस्तार भएको उहाँले बताउनुभयो । सडकमार्ग हुँदै चिमखोला पुर्‍याइएको ट्रान्सफर्मरलाई मलाङमा गएको पहिरोले सडक अवरुद्ध भएपछि यहाँ निर्माणधीन जलविद्युत् आयोजनाको सुरुङमार्गबाट गौडामुनी पुर्‍याइएको थियो ।

गत वर्षसम्म म्याग्दीका ९३ प्रतिशत घरधुरीमा विद्युतीकरणको पहुँच पुगेको थियो । अहिलेसम्म जिल्लामा केन्द्रीय विद्युतीकरणको सुविधा लिएका ग्राहक सङ्ख्या कूल २२ हजार रहेको नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रका प्रमुख प्रशान्त झाले जानकारी दिनुभयो । म्याग्दीलाई पूर्ण विद्युतीकरण घोषणा गर्न चालु आर्थिक वर्षका लागि रु २० करोड ५७ लाख ९२ हजार दुई सय ७८ नेपाल विद्युत् प्राधिकरणमार्फत स्वीकृत भएको छ । बेनी वितरण शाखाले तयार गरेको लागत अनुमानका आधारमा प्राधिकरणमार्फत स्वीकृत भएर आएको उक्त बजेटलाई प्राधिकरणको प्रादेशिक कार्यालय पोखराले चालु आवमै ठेक्का प्रक्रियामार्फत अघि बढाउने तयारी गरेको गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रेशम जुग्जालीले जानकारी दिनुभयो ।

# क्यान्सरपीडितको उपचारका लागि अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ साउन

स्याङ्जाका एक समाजसेवीले क्यान्सरपीडित विपन्न परिवारको उपचारमा सहयोग गर्ने हेतुले अक्षयकोष स्थापना गर्नुभएको छ ।

आँधीखोला गाउँपालिका–३ का कृष्णप्रसाद शास्त्री पौडेलले परिवारजनको स्मृतिमा रु आठ लाखको अक्षयकोष स्थापना गर्नुभएको हो । उहाँले अक्षयकोष स्थापना गर्नका लागि उक्त रकम गाउँपालिकालाई हस्तान्तरण गर्नुभयो । पौडेलले आफ्ना बुबा स्व टीकाराम पौडेल, आमा स्व हरिकला पौडेल र धर्मपत्नी स्व लीलादेवी पौडेलको स्मृतिमा 'हरिटिका लीला स्वास्थ्य उपचार अक्षयकोष' स्थापना गर्नुभएको हो ।

आँधीखोला गाउँपालिका मातहतको सेतीदोभान आधारभूत अस्पतालमा स्थापना भएको अक्षयकोष गाउँपालिकामार्फत सञ्चालन हुने गाउँपालिकाका अध्यक्ष विश्वनाथ पौडेलले बताउनुभयो । "गाउँपालिकाले कार्यविधि बनाइसकेकाले सोही कार्यविधिमा टेकेर पहिलो चरणमा क्यान्सर पीडित विपन्न नागरिकलाई सहयोग गर्छौं", उहाँले भन्नुभयो ।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०५/२६

यस कार्यालयबाट मिति २०७७/०८/२१ मा कास्की जिल्ला पोखरा ०५ कास्कीमा संचालन गर्ने गरि धिताल ०२ कास्की निवासी शिवराज अधिकारीको नाममा दर्ता भएको फर्म दर्ता नं. १८३७४/०७७/०७८ (२३१२) को शिमान्सी एग्रो फर्म नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०५/२६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।


**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

**दोश्रो पटक प्रकाशित मिति २०८०/०५/२७**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. कास्की पोखरा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय संचालन गर्न लिनु भएको ऋणको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०७९/०८/२७ गतेको समाधान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५, गण्डकी प्रदेश सहकारी ऐन २०७५ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको विनियम, ऋण नीति २०७७ तथा ऋण असुली नीति २०७७ ले दिएको अधिकार तथा संस्थाको नियमानुसार अधिकार प्रयोग गरी बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्दा कुनै पनि गोप्य शिलबन्दी बोलपत्र नपरेको हुँदा तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही दोश्रो पटक यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, संचालक धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै ऋण असुलीको कारवाही अन्तर्गत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि यथाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

## तपसिल

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | १. नामः बलराम लामिछाने<br>जन्म मितिः २०२४ साल, वर्षः ५६<br>ना.प्र.नं. ६९१, जारी मितिः२०४१/०२/२१<br>जि.प्र.का. पर्वत<br>बाबुः जगन्नाथ लामिछाने<br>बाजेः टिकाराम लामिछाने<br>ठेगानाः साविक पिपलटारी–८, पर्वत<br>हाल पोखरा–५, विशाल मार्ग |  | १. नामः दुर्गा लामिछाने<br>ना.प्र.नं. ४७०२,<br>जारी मितिः २०५१/०३/०१ जि.प्र.का. पर्वत<br>पतिः बलराम लामिछाने<br>ससुराः जगन्नाथ लामिछाने<br>ठेगानाः साविक पिपलटारी–८, पर्वत<br>हाल पोखरा–५, विशाल मार्ग |
| | |  | २. नामः कृतिक लामिछाने<br>ना.प्र.नं.४६–०१–७०–०३०४१,<br>जारी मितिः २०७०/०३/२१<br>जि.प्र.का. कास्की<br>बाबुः बलराम लामिछाने<br>बाजेः जगन्नाथ लामिछाने<br>ठेगानाः साविक पोखरा–५, कास्की<br>हाल पोखरा–५, विशाल मार्ग |

**धितो विवरण**

श्री बलराम लामिछानेको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं ५ स्थित कित्ता नं ६० को क्षेत्रफल ५४६.०० वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन दिउँसो ठिक ०३ः३० बजे सम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आपसिसहमतिमा गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम विक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्तबुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफूमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफ देही स्वय खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।**

| बोलपत्र पेश गर्ने | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८०/०६/१७<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० देखि बेलुका ०५:०० सम्म | मितिः २०८०/०६/१८<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.<br>(पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः ०३:३० दिउँसो |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा वडा नं. १३, कुँडहर, १३ नं. वडा कार्यालय अगाडि
फोन नं. ०६१–५८५७९५, ०६१–५८०५६७, ०६१–५७६९८८, Email : ccsccltd@gmail.com